# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/१२/०८

### सातौं अधिवेशन

### (दशौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको दशौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । यस प्रदेशमा दलित माथि हुने छुवाछुत र सबै प्रकारका विभेदको अन्त्य गरी दलित समुदायका व्यक्तिहरुलाई सशक्तिकरणको माध्यमबाट राज्यको मुल प्रवाहिकरण गर्न, क्षमता अभिवृद्धि गर्ने लगायतका विभिन्न अवसरहरु सृजना गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १०६ को उपनियम २ बमोजिम दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**
अब, **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**
**"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**
अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ” भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय पूर्णा जोशी लाई समय दिन्छु ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय सर्व प्रथम ५६औ अन्तराष्ट्रिय जातिय उन्मुलन दिवस जातिय विभेदको अन्त्यका निमित्त ऐक्यवद्धता व्यक्त गर्दै सम्पूर्ण जातिय विभेदमा परेका समुदायका प्रति उहाहरुको मुक्तिका निमित्त आज यो प्रण गर्ने दिवस भएको हुनाले म पनि मेरो तर्फबाट प्रण गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको विधेयक सम्बन्धीत समिति सामाजिक विकास समितिले दफावार छलफल गरेर सभामा प्रस्तुत गरिसकेको छ । यसको धेरै जसो आवश्यक संशोधनहरु समितिले विस्तृत छलफल गरेर ल्याइसकेको हुनाले मेरो धेरै संशोधन र टिप्पणी यसमा छैन तथापी एउटा दुइवटा कुराहरु यसमा संशोधन गर्नु पर्ने जस्तो देख्दछु जस्तो बोर्डको गठन सम्बन्धमा यो दफा ५ मा बोर्डको गठन देहाय बमोजिम हुनेछ भन्या छ त्यो क्रमश जादै गर्दा खेरी प्रतिनिधी प्रदेश दुग्ध सहकारी संघबाट बोर्डले मनोनित गरेको एक जना सदस्य भन्या छ । दुग्ध सहकारी साहेदै हाम्रो सुदूरपश्चिम प्रदेशमा छैन बनाउने कुराहरु एउटा कुरा होला यो विधेयक तत्कालै पास भैसकेपछि प्रमाणिकरण भैसकेपछि लागु हुने भएको हुनाले प्रदेशमा दुग्ध सहभागि नभएको कारणले गर्दा खेरी प्रदेश सहकारी संघको प्रतिनिधी भनेर भन्दा उपयुक्त हुन्छ होला भन्ने मलाई लाग्दछ । त्यस्तै गरिकन अर्को कुरा यो संशोधित दफा ८ को ट मा यो पहाडी क्षेत्रमा विशेष पहिचान भएको गड्डी भैसी लगायत भन्या छ यसलाई चाहि रैथाने जातलाई यसको बर्ण संकर गरेर दुग्ध विकासमा सहयोगि पुग्ने तरिकाले गर्नु पर्छ एउटा गड्डी भैसी अथवा खैला गाई मात्र नभनिकन जस्तो नौमुठे गाइहरु पनि छन् विभिन्न किसिमका रैथाने जातिहरु छन् यिनिहरुको बर्ण संकर गर्नु पर्ने भन्ने कुराहरु राख्दा खेरी उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ । अर्को यो दुधको परिकारहरुमा छुर्पि मात्रै खुवा छुर्पि मात्रै नभनिकन विभिन्न आफ्नो समुदायगत परिकारहरु पनि हुन्छन दुधका त्यसैले दुग्धका अन्य परिकार भन्दा खेरि उपयुक्त हुन्छहोला भन्ने मलाई लाग्दछ । त्यसै गरिकन दफा ११ मा योग्यता घटाउने कामहरु चाहि उपयुक्त हुदैन भन्ने मलाई लाग्दछ । यहा स्तानकोत्तर तहको योग्यता राखिएको छ संशोधनमा स्नातक तह राख्ने भन्ने कुराहरु गर्या छ कुनै पनि गुणस्तरिय सेवा प्रदान गर्दा खेरि त्यो नेतृत्वमा बस्ने मान्छेको शैक्षिक योग्यतालाई स्नातकोत्तर अथवा एमफिल अथवा पिएचडि भन्दा खेरि त्यो पिएचडि एमफिल सम्भव नहोला तर स्नातकोत्तर योग्यता चाहि यो घटाउन नहुने योग्यता हो भन्ने मलाई लाग्दछ त्यसैले गर्दा खेरी सुदूरपश्चिममा विशेष गरिकन कर्मचारीहरु पठाउदा खेरि पनि एक तह बढुवा गरेर पठाईने र उसको योग्यता जहाको ताही हुने योग्यता बढाउने किसिमका कुनै गतिविधिहरु हामीले नसक्ने भा को हुनाले यो

शुरुको योग्यताहरुलाई कटौती गर्नु हुदैन भन्ने कुराहरु मलाई लाग्दछ । अर्को कुराहरु यो दुग्ध व्यवसायीहरुको कुराहरुमा बढी जोड दिइएको छ तर किशानहरु जसले दुध उत्पादन गर्दछन किशानहरुको सशक्तिकरण, किशानहरुको अवसरहरु, किशानहरुलाई इन्सेन्टीभ दिने कुराहरु लगायतको कुराहरु किशानलाई फोकस गरेर यो विधेयक चाहि त्यति स्ट्रङ हुन सक्या छैन भन्ने मलाई लाग्या छ त्यसैले व्यवसायको कुराहरु आफ्नो व्यवसाय तब गर्छ व्यवसायले जब चाहि उत्पादन हुन्छ त्यो उत्पादन हुने कुरो उत्पादक भनेका किशान हुन त्यसैले हाम्रो सबै भन्दा बर्गिय हिसाबले पनि हामीले सोच्नु पर्ने कुराहरु चाहि पशु पालक किशानहरुलाई, घास उत्पादक किशानहरुलाई हामीले जोड दिनु पर्दछ भन्ने मलाई लाग्दछ जसरी अस्थि भर्खरै कुन किशानहरु चाहि विचारा पैसा नपाएर आन्दोलन गरे त्यसैले गर्दाखेरी हामीले व्यवसायिहरुलाई मात्रै बढी फोकस गर्ने भन्दा पनि किशानहरुलाई जसले चाहि कच्चा पदार्थहरु उत्पादन गर्छन तिनिहरुलाई बढी सशक्त बनाउनु पर्छ भन्ने मलाई लाग्दछ । अर्को कुराहरु अब यो दुधको सुदूरपश्चिमका विभिन्न विशेष गरिकन पहाडि जिल्लाहरुमा नयाँ बजारहरु स्थापना जहा भैराख्या छन् त्यो ठाउँमा हामीले चाहि यो दुग्ध विकासको निमित्त यो बोर्डले विशेष काम गर्नु पर्ने कुराहरु पनि यो विधेयकमा प्रस्ताव गर्यो भने अझ चाहि बढी बोर्डले काम गर्दा खेरि पनि सबै भन्दा पहिला कहा हो भन्ने खालको कुराहरुमा गाई र भैसींको दुध मात्रै होइन । भेडाको दुध छ, च्याङ्ग्राको दुध छ त्यस्तै गरिकन चौरिगाईको दुध छ यि खालका कुराहरुमा हिमाली क्षेत्रलाई पनि मध्यनजर गरिकन अथवा दुध दिने अरु चाहि जातका पशुहरुलाई पनि फोकस गरिकन त्यो पाउँने क्षेत्रलाई पनि फोकस गरिकन हामीले यो विधेयकलाई अझ बढी सशक्त अझ बनाउनु पर्छ भन्ने कुराहरु राख्दै मेरा भनाई यही राख्छु धन्यवाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक पारित हुन गैरहेको छ । यस सन्दर्भमा सुदूरपश्चिमले थप विधेयक जुन प्राप्त गरिरहेको छ यसको लागि भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय र मन्त्रालयका मन्त्रीज्यू लगायत सम्पूर्ण मन्त्रालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहान्छु प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु र यो विधेयकले सरकार सँग सँगै नीजि क्षेत्रलाई पनि दुधको व्यापार बजारीकरण र दुधको गुणस्तर कायम राख्ने उद्देश्यका साथ यो विधेयक आएको छ यसमा नीजि क्षेत्रले उत्पादन गर्ने दुधहरुलाई संकलन गर्ने, प्रशोधन गर्ने र निर्यात गर्ने र प्रदेशमा आपूर्ति भए पछि प्रदेश भन्दा बाहिर पनि पठाउन सक्ने किसिमले यो बोर्ड गठन गर्ने सरकारको विधेयक आएको छ यो उपयुक्त पनि छ र सान्दर्भिक पनि छ । प्रदेश सरकारले ल्याउने विधेयकहरु अधिकांश विधेयकहरु छिट्टै संशोधन गर्नुपर्ने समस्या देखिएको छ । सभामुख महोदय त्यो सन्दर्भमा यो विधेयकमा पनि मैले त्यस्तो आसंका गरेको छु कि यो पनि छिट्टै संशोधन हुने अवस्थामा रहेको मैले सरसरती हेर्दा यहा देखे त्यसैले यसरी चाही हतार हतारमा पूर्ण रुपमा अध्ययन नगरिकन विधेयक उत्पती हुदा खेरि नै विधेयकलाई सैद्धान्तिक सहमति गर्न लैजादा देखि नै यसमा चाहि छलफल हुनु पर्छ र विधेयक पारित गर्ने सांसदहरुलाई यो विषयमा पनि जानकारी र छलफल गर्न खोज्यो भने केही कुराहरु समावेश हुन सक्छन जस्तो यो विधेयकमा महत्वपूर्ण कुरा छुटेको छ दण्ड तथा जरिवाना यो दण्ड तथा जरिवाना भनेको यो नियमावलीमा मात्रै आउने कुरा होइन

यो विधेयकमै आएको छ । विगतमा हामीले जति विधेयकहरु पारित गर्यौं सबैमा यो दण्ड जरिवाना आएको छ तर यो विधेयकमा त्यो कुरा छुटेको छ । जस्तो कृतिम दुध उत्पादन गर्ने, मिसावट गर्ने, पाउडर अहिले विदेशबाट भारतबाट मगाएर यहा डेरीमा तमाम किसिमको नक्कली दुध उत्पादन भैरहेको छ । केमिकल प्रयोग गरेर त्यो दुध उत्पादन भैरहेको छ । उपभोक्ताको स्वास्थ्यमा ठुलो त्यसले असर गरिरहेको छ । त्यस्तो चिजहरु त्यस्तो क्रिमहरु दुग्धजन्य पदार्थ भनेर नक्कली बस्तुहरु चाहि बजारमा देखिएको छ त्यस्तो अवस्थामा के कारवाही गर्ने भन्ने यो विधेयक बोलेको छेन । मैले हेरे सरसरती कहि पनि यो विधेयकमा त्यस्तो दफाहरु समावेश भएको देखिएन त्यसैले अब उप्रान्त यस्तो कमिकमजोरी राख्नु हुदैन विधेयकको महत्वपूर्ण कानून भनेको कानून हो जसमा दण्ड जरिवानाको उपस्थिति हुन्छ । हामीले त्यो नगर्दा खेरी सबै मान्छे सज्जन छन् सबै ज्ञानी छन् भने त किन अड्डा चाहियो, किन अदालत चाहियो, किन सरकार चाहियो सबै मान्छे बेमान नभइदिएको भए त मान्छेहरु त बेमान छन् नक्कली दुध उत्पादन गरेको ठाउँ ठाउँमा देखिएको छ । अहिले संघीय सरकारको नजर पुगेको छैन । नापतौल तथा गुणस्तर विभाग छ यहा त्यसले हेर्न सकिरहेको छैन । बजारमा त्यो छ्यपछ्याप्ती रुपमा डेरीहरुमा त्यो अवस्था रहेको छ सभामुख महोदय, त्यसैले यो विधेयक ती नक्कली व्यापार गर्नेहरुलाई त झन प्रोत्साहन हुन्छ यो विधेयक पारित हुने वित्तीकै कुनै धारामा छैन अब त्यसलाई लगेर त्यति महत्वपूर्ण कुरालाई नियमावलीमा मात्रै एटेज गर्दा यहा चाहि विधेयक नबोल्दा खेरी त्यसले चाहि समस्या खडा गर्छ सभामुख महोदय त्यस्तै प्रकारले यो विधेयकमा हामीले भन्न खोजेको कुरा यो गठनको कुरा र यसको उद्देश्यको कुरामा के छ भने यो धारा ८ को उपधारा ख मा जुन स्थानीय तहको सहकारीमा ग्रामिण क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुर्याउने सहज बातावरण सृजना गर्ने भन्या छौ । अब यो कस्तो भो सोच भने हामीले जुन गाउँमा भएको दुधलाई एक लिटर दुइ लिटर हाम्रो परम्परागत ढंगले एउटा गाई एउटा भैसीं पाल्ने चलन त छदैछ त्यसैलाई प्रोत्साहन दिने र त्यो गाउँको दुधलाई शहरतिर लैजाने भन्ने कुरा आयो तर छुट्यो के भन्दा खेरि हामीले फार्म हाउस बनाउने हामीले व्यवसायिक पशु पालन गर्ने, शहरमा नै दुधको लागि शहरमै व्यापारिक दृष्टिकोणले फार्म हाउस संचालन हुनु पर्छ भन्ने यो विधेयकमा आउनु पर्थ्यो त्यस्तो व्यक्तिको लागि यो विधेयकमा ठाउँ दिनु पर्थ्यो ठिक छ गाउँको दुधलाई संकलन गर्ने त्यो त चलिरहेको छ । गाउँको दुधले प्रयाप्त मात्रामा हामीलाई अहिले धानिरहेको छैन । अहिले पनि भारतबाट फलफुल र दुधहरु हामीहरुले आयात गर्नु पर्ने परिस्थिति छ हाम्रो धनगढी शहरमा हाम्रो महेन्द्रनगरमा देखि लिएर नेपालगंज नजिकका शहरहरुमा भारतिय बजारबाट दुधहरु आइरहेको अवस्थामा हामीले शहर क्षेत्रमै धेरै संख्यामा पशु पालन फार्म हाउसको रुपमा पशु पालन गरेर दुध उत्पादन गर्नेलाई प्रोत्साहन दिने कुराको हामीले गर्नु पर्थ्यो र ग्रामिण क्षेत्रको दुध संकलन भन्ने शब्द मात्रै यहा उल्लेखित भएकोले यसमा मैले व्यसायिक दुध उत्पादनको लागि व्यवसायिकरण गर्ने परम्परागत भन्दा पनि व्यवसायिकरण गर्नको लागि यो बोर्डको उद्देश्य हुनु पर्छ भन्ने मेरो सुझाव रहेको छ । त्यस्तै प्रकारले यो विधेयकमा खास गरि यो हाम्रो प्रदेश सरकारको जुन अंग छ भेटेरिनरि अस्पताल तथा पशु विज्ञ केन्द्र यो सित सरोकार राख्छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र प्रत्येक जिल्लामा छन् त्यसले चाहि दुध उत्पादनको एक किसिमको कार्यक्रम ल्याएको हुन्छ र त्यसलाई पनि हामीले यसमा चाहि कुन भूमिका दिने भने हामीले चाहि धेरै

खर्च मात्रै हुने गरेर धेरै कार्यालयहरु स्थापना गर्ने धेरै अंग सरकारको बनाउने भन्दा पनि ती बनी सकेका सरकारका अंगहरुलाई एकरुपतामा ल्याएर समन्वयमा ल्याएर उनीहरुले कसरी काम भोली कानून मात्रै बनाएर कानूनले कानून बाझ्ने हामीले भेटेनरि अस्पताल तथा पशु विज्ञ केन्द्रको लागि छुट्टै अब पशु सम्बन्धी ऐन ल्याउदै छौ । पशु सम्बन्धी ऐन छुट्टै ल्याईदिने अनि दुध सम्बन्धी ऐन छुट्टै ल्याइदिने तिनिहरुको तादम्यता मिलेन भोली कानून बाझियो कानूनै उल्टो छ भनेर धेरै कुराहरु सहजता भन्दा पनि बाधा हुन् जान्छ यसमा पनि हामीले ध्यान पुर्याउनु पर्छ सभामुख महोदय त्यसैले कानून निर्माण गर्दा कानून भनेको एक प्रकारको हतियार हो र हतियार यदी प्रयोग गर्ने विधि र प्रक्रिया बनाएनौ भने त्यसले आफुलाई पनि क्षति गर्ने हुन्छ त्यसैले यि यस्ता कानूनहरु हामीले बनाउदाखेरि पशु उत्पादन, पशु पालन, दुग्ध उत्पादन सम्बन्धीका यि कानूनहरु एकरुपताका साथ हामीले बनाउनु पर्ने हुन्छ र दुइवटा कानून सँग सँगै ल्याउदा पनि एकले अर्कालाई के कति सहयोग गर्छ, के कति समन्वय गर्छ यो जति पनि कानूनहरु बनाउछौ हामीले यो जनताको सहजताको लागि व्यवसायिकताको सहजीकरणका लागि र आम्दानी बृद्धिका लागि र प्रयाप्त मात्रामा गुणस्तरयुक्त उत्पादन दिनका लागि हो । कतिपय ठाउँमा गुणस्तरहिन उत्पादन भो भने के गर्ने कतिपय ठाउँमा दुग्ध उत्पादन पकेट क्षेत्र भनेर पनि हामीले समावेश गर्न सकेका छैनौ यो छ्यापछ्याप्ती यो छरिएर रहेको अवस्थाको दुधको मात्रै परिकल्पना हामीले गर्यौ तर पकेट क्षेत्र हामीले जहा घास बढी हुन्छ जहा पानीको व्यवस्था छ जहा चरनको व्यवस्था छ त्यहा चाहि दुग्ध उत्पानको पकेट क्षेत्र हामीले घोषणा गर्नु पर्छ त्यस्तो पालिकाको लागि पालिका सित पकेट क्षेत्र घोषणा गर्दा पालिका सित सहकार्य गर्ने भन्ने किसिमको कानूनहरु हामीले निर्माण गर्न सक्यौ भने भोलीको दिनमा त्यसले हामीलाई प्रयाप्त मात्रामा सहयोग गर्दछ र त्यो पकेट क्षेत्रको लागि पनि अवधारणा यो ऐनले प्रसस्त गर्न सकेन त्यसैले यो ऐनलाई अझै पनि दुध उत्पादन क्षेत्र जस्तो हाम्रो हिमाली क्षेत्र फरक छ हिमाली क्षेत्रको च्याङ्ग्रा भेडा पालनको सम्बन्धमा हामी यो ऐनले सम्बोधन गर्न सकेन, पहाडी क्षेत्रको गाई पालन तराई क्षेत्रको भैसीं पालन यि कुराहरुलाई हामीले कुन कुन क्षेत्रमा बढी गर्ने यो बोर्डले गर्नु पर्ने उत्पादीत बस्तुलाई खरिद गरेर बिक्रि गर्ने त एउटा दायित्व भो तर उत्पान गर्नमा हाम्रो चाहि भेटेनरि अस्पताल सँग सहकार्य गरेर यो यो पकेट क्षेत्र घोषणा गर्नु पर्ने छ भन्ने हिसाबले पनि हामीले यो दायित्व ऐनमा राख्न सक्यौ भने त्यही अनुसारको नियमावली, त्यही अनुसारको कार्यविधी र त्यही अनुसारको आदेशहरु हामी गर्न सक्थ्यौ र अब विधेयकहरु पारित भएपछि नियमावलीहरु ढीलो हुने नियमावलीहरु पारित नहुने मन्त्रिपरिषद्वाट गर्नु पर्ने कामहरु कार्यविधीहरु समयमा नआउने र कार्यविधीहरुलाई फेरी नियमसित बाझिने हिसाबले ल्याएर फेरी संशोधन गर्नु पर्ने झमेला हामीले गर्नु हुदैन सभामुख महोदय त्यसैले कानून बनाउदा धेरै सहज र सहज तरिकाले सचेत भएर यि कानूनका आधारहरु तयार गरिदियो भने यसले दिर्घकालिन रुपमा सम्म हामीले खोजेको उद्देश्य हामीले प्राप्त गर्नेको लक्ष्य लाई हामी प्राप्त गर्न सक्छौ भन्ने मेरो सुझाव रहेको छ । हालाकी यो विधेयक उपयुक्त छ र जुन हिसाबले आएको छ यसलाई अझै मन्त्रालयले गहन रुपमा नियम र कानून बनाउदा विधि प्रक्रिया पुर्याउदा ध्यान जावस भन्ने सुझाव साथ मेरो भनाई यही टुङ्गयाउछु हवस त धन्यवाद ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक जुन सामाजिक विकास समितिमा दफावार छलफल भएर आएको छ । हुन त सरकारले नै पेश गर्दा खेरिमा धेरै कुराहरु यसमा समावेश भैसकेको अवस्था छ र यसमा पुनः केही थप कुराहरु पनि आएका छन् । मलाई लाग्छ यो अहिलेको परिपेक्षमा हामी जुन कानून निर्माणको प्रक्रियामा छौं यसले अहम भूमिका नै निर्वाह गर्ने छ किन भने समय परिस्थिति अनुसार भोलीको दिनमा यसको समय सापेक्ष संशोधन गर्नु पर्ने अवस्था आउला तर अहिलेको अवस्थामा हामीले यो प्रदेशलाई दुग्धजन्य पदार्थको उत्पादन र यो पशुपालन क्षेत्रलाई हामीले अवश्य पनि बढावा दिनु छ भन्ने मलाई लाग्छ । उहीले हामी सुन्थ्यौ सानो छदा खेरिमा विवाहको लागि हात माग्न जादा पूर्खाहरुले के भन्थे भने बेहुलाको घरमा कति भैसीं छन्, कति गाईबस्तु छन् भनेर सोधिन्थ्यो यसले के देखाउछ भने हाम्रो परम्परागत व्यवसाय हो यो हामी पहिले देखि नै हाम्रो मुलुकमा यो पेशा रही आएको छ र यसलाई हामीले सरकारको पक्षबाट बढावा दिन नसकेर बीचमा चाहि यो अलमलिएको जस्तो लाग्छ मलाई र यसलाई अब विधिवत रुपमा हामीले यसलाई किशानलाई जुन राज्यले दिनु पर्ने सवसिटी हो त्यो दिएर यसलाई अगाडी बढाउन सक्यो भने अवश्य पनि हामी दुग्धजन्य पदार्थको सवालमा र पशु पालन क्षेत्रमा हामी आफ्नो प्रदेशलाई आत्मनिर्भर बनाउन सक्छौ र विधेयक अत्यन्त राम्रो छ मेहनत गरेर बनाइएको छ । मैले एकदम राम्रो सँग अध्ययन गरेको छु र यो विधेयकलाई पारित गरेर तत्काल चाही लागु गर्ने कोसिस गरियोस भन्ने शुभकामना राख्दै आफ्नो मन्तव्य यही राख्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक माथि दफावार छलफल भएर समितिबाट आइसकेको छ र त्यो विधेयकमा भएका जो व्यवस्थाहरु लगायत त्यसमा गहन रुपमा छलफल गरेर धेरै विषयहरु जुन समावेश भएको छ र त्यो अनुसार नै जो विधेयक आएको छ यसमा खास गरेर जुन हामी हाम्रो सुदूरपश्चिम प्रदेशमा थुप्रै दुध उत्पादनहरु छ तर हामीले संस्थागत रुपमा त्यसलाई लग्न नसकेको हुनाले किशानहरुको दुध उत्पादन कैयौ ठाउँमा फाल्नु पर्ने अवस्था छ त्यही भएर जुन हाम्रो विकेन्द्रीत रुपमा एउटा उत्पादनहरु छ त्यसलाई केन्द्रीकृत रुपमा यदी दुग्ध विकास बोर्ड गठन गरेर गयौ भने त्यो अनुसार नै हामीले थुप्रै दुधका परिकारहरु लगायत त्यो अनुसार नै हामी एउटा प्रशोधन गरेर बाहीर पनि पठाउन सक्छौ भन्ने मान्यताका साथ नै यो विधेयकहरु जो आएको छ र त्यसमा थुप्रै विषयमा छलफल गरेर आएको छ र जो हामीले छलफलमा उठेका

विषयहरु जस्तै हाम्रा थुप्रै जुन अन्य पशु पंक्षि पनि हाम्रा रैथाने लगायत थुप्रै अन्य पनि छन मलाई लाग्छ विधेयकमा जुन दुधालु जातका पशु पंक्षिहरु भनिउको छ त्यसमा सबै जस्तै अब पशुपंक्षिहरु समेटिन्छन अब त्यसमा हामीले एक एक गरेर राख्नु भन्दा थुप्रै जस्तै मानौ पशुपंक्षिहरु छन् त्यसमा राखिदियो भने त्यो भित्र नै आउछ भन्ने छ र अर्को जस्तै मानौ हामीले थुप्रै त्यसमा यसको उद्देश्य नै राखेका छौ । सरकारी सहकारी र नीजि क्षेत्रलाई कम्तीमा हामीले जुन एक रुपतामा लग्ने र त्यो अनुसार नै बोर्डलाई संचालन गर्ने थुप्रै हामीले जुन छ त्यही अनुसार नै जाने भनेर सहकारी थुप्रै अब विषयगत सहकारी पनि छन् र सहकारी संघ पनि छ त्यसमा हामीले कम्तीमा यसमा मिल्ने नै राखेका छौ सहकारी नै समावेशी हुनेछन् अब त्यसमा चाहि जस्तै मानौ अब हामीले राखेकै छौ र त्यो अनुसार नै समितिबाट नै अब सच्चीएर आएको छ र यो थुप्रै जस्तै अब जुन हाम्रो त्यो विधेयकमा अब कैयौ यो बोर्डले के गर्छ त अब पशुपंक्षिको विषयमा मानौ विशेष गरेर दुध उत्पादन गर्ने किशानहरुको लागि उसको जुन काम कर्तव्य के हो साहेद त्यो बोर्ड गठन भैसकेपछि त्यसमा थुप्रै विषयबस्तुहरु राखिएको छ त्यसमा जो हाम्रो किशानहरुलाई विशेष गरेर जस्तै मानौ थुप्रै अब ग्रामिण क्षेत्रमा दुध उत्पादनहरु छ तर उहाहरुसँग अब कैयौ मानौ त्यहा संकलन केन्द्र लगायत छ त्यो अनुसार नै कम्तीमा सरकारको एउटा बोर्ड गठन भैसकेपछि सबैलाई समावेश गर्न सकिन्छ र त्यो अनुसार आवश्यकता अनुसार त्यो ठाउँमा हामीले प्रसोधन स्थापना लगायत त्यो अनुसार नै जस्तै मानौ हामीले प्रशोधन गर्ने उद्योग खोल्न सक्छौ भन्ने उसमा नै अब त्यही अनुसार बोर्डले गर्ने छ भन्ने साहेद त्यसैमा अधिकार भित्र नै खुलाएको छ र अब यो जुन हाम्रा पशुपंक्षिको उसमा जुन हामीले गर्नु पर्ने जस्तै मानौ कामहरु हामीले गरिसकेपछि अब कुन क्षेत्र गर्ने त हामीले मानौ रैथाने जात लगायत अन्य अन्य जुन लोप हुदै गएका जुन राखेका छौ र त्यो भित्र जो पनि थुप्रै अब जुन अब रैथाने भनिएको छ त्यो अनुसार नै जान्छ र जुन हाम्रो विधेयकमा कतिपय जस्तै एकै महत्वपूर्ण विषयहरु यदी छुटेको छ भने राख्नै पर्ने जस्तै मानौ हामी त्यो अनुसार जान्छौ र जहासम्म लाग्छ जुन समितिमा गहन अध्ययन गरेर यो सरोकारवाला सँग पनि छलफल गरेर यो जुन विधेयक आएको छ समितिले पेश गरेको छ र धेरै विषयबस्तुहरु समेटिएको छ र यसमा जुन यो सँग सँगै जस्तै मानौ जुन आएको छ हाम्रो यो ऐनहरु जो अब हामीले एकरुपतामा लग्नु पर्ने अब अलग अलग आएको त्यो समस्या भो जस्तै मानौ हाम्रो यो दुध उत्पादन र मासु उत्पादन लगायत अब यो बाझिएको हुन्छ यो दुग्ध उत्पादनमा हामी अलग्गै यो पहिलै देखि नै कानूनहरु अलगै भएको हुनाले पनि प्रदेशमा पनि हामीले यसको अलग अलग कानून बनाउदा उचित हुन्छ र त्यो अनुसार नै हामीले जुन नबाझिने गरि व्यवस्थापन गरेर गयौ भने राम्रो हुन्छ भनेर हामीले यो दुग्ध विकास बोर्ड विधेयकहरु हामीले निर्माण गरेका छौ जुन हामी पशुपंक्षिको छुट्टै जस्तै मानौ मासु सम्बन्धी छुट्टै छ त्यही भएर यो भित्र कम्तीमा कार्यालय छ त्यो कार्यालयलाई दोहोरो नपर्ने गरि यो भित्र नै विधेयक भित्र नै दिएको छ । हामीले बोर्ड गठन गरिसकेपछि छुट्टै त्यो अनुसार नै प्रदेशमा बन्ने सम्बन्धी योजनाहरु लगायत थुप्रै कामहरु त्यो जुन बोर्डलाई नै दिइएको छ र त्यो अनुसार नै यहाको जुन हाम्रो जुन दुध उत्पादन गर्ने किशानहरु सँग त्यो अनुसार नै योजना बनाउदै जाने भनेर त्यसैमा छ त्यही भएर धेरै विषयबस्तुहरु समेटिएको छ र यो एकदमै छलफलमा भाग लिनु हुने माननीयहरुले महत्वपूर्ण सूझाव दिनु भएको छ कतिपय एकदमै महत्वपूर्ण बुदाहरु छुटेको छ त्यसलाई समावेश गर्नुपर्ने बुदाहरुलाई हामी समावेश गरेर

लगिने छ र म उहाहरुलाई धन्यवाद दिन चाहान्छु किन भने महत्वपूर्ण सुझाव आएको छ । म अन्तिममा सामाजिक विकास समितिको सभापति लगायत सदस्यहरुलाई जुन यो धेरै मेहनत गरेर यो विधेयकलाई यहा ल्याउनु भएको छ र यसमा राम्रा छुटेका विषयहरुलाई पनि समावेश गर्नु भएको छ त्यसको लागि धन्यवाद दिदै यसमा सबै जुन आउनु पर्ने विषयहरु आएको छ र केही छुटेको छ भने फेरी पनि यसमा चाहि समावेश हुने छ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ८ (आठ) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ८ (आठ) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि २१ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २१ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना** : सरकारी, सहकारी, सामुदायिक तथा निजी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन, दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दीगो आर्थिक समृद्धि हासिल गर्नका लागि अध्ययन, अनुसन्धान र प्रविधिको विकास गर्न सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न वान्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयकलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभामा पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**सुदूरप"श्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल चैत्र ०९ गते सोमबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।